# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

प.सं.:

च.नं..: मिति:....................................

## सवारी साधन भाडामा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०२/१२ गते

देवघाट गाउँपालिकाको कार्यालयले चालु आ.व. २०८२/०८३ मा देवघाट गाउँपालिका मुकाम रही प्रयोग गर्ने गरी न्यूनतम ५ सिट क्षमताको हलुका सवारी साधन( सवारी चालक सहित) भाडामा लिने निर्णय भएकोले के कति दररेटमा सवारी साधन उपलब्ध गराउन सक्ने हो तोकिए बमोजिमको फाराम भरी आवश्यक कागजातसहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन अनुरोध गरिन्छ । पेश भएका शिलबन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले ८ औं दिन बिहान १२:०० बजे खोलिनेछ । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन १२:०० बजे खोलिनेछ ।

**शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने कागजातहरु**

१. सवारी साधनको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।
२. सवारी साधनको नविकरण भएको ब्लुबुकको प्रतिलिपी १ प्रति ।
३. सवारी चालकको नविकरण भएको चालक अनुमतिपत्रको प्रतिलिपी १ प्रति ।
४. सवारी चालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।
५. सवारी साधनको तेस्रोपक्ष विमा भएको प्रमाणको प्रतिलिपी १ प्रति ।
६. कम्पनी वा फर्मको हकमा फर्म दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र को प्रतिलिपी १/१ प्रति ।

**न्यूनतम शर्तहरू:**

१. सवारी साधन २०१५ पछिको मोडेलमा राम्रो कन्डिसनको हुनु पर्नेछ ।
२. सवारी चालकको तलब, भत्ताको व्यवस्था सवारी धनीले गर्नु पर्नेछ ।
३. सवारी साधनको मर्मत सम्भार र सर्भिसिङ्गको व्यवस्था सवारी धनी स्वयमले गर्नु पर्नेछ ।
४. सवारी साधन प्रयोग गरिने दिनमा अन्य प्रयोजनमा सवारी साधन प्रयोग गर्न पाईने छैन ।
५. पेश भएका शिलबन्दी दरभाउपत्रहरु पूर्ण रुपमा वा आंशिक रुपमा स्वीकृत गर्ने या नगर्ने अधिकार कार्यालयको हुनेछ ।
६. प्रस्तावित रकममा नियमानुसार कर कट्टा गरिनेछ ।
७. सम्भावित दैविप्रकोपबाट हुने क्षतिको सम्बन्धमा स्वयम सवारी धनी जवाफदेही हुनेछ ।
८. सवारी बिग्रिएर सेवा दिन असमर्थ भएमा वैकल्पिक सवारीको व्यवस्था गर्ने जिम्मेवारी सवारी धनीको हुनेछ । अन्यथा उक्त दिनको रकम भुक्तानी गरिने छैन ।
९. सवारी भाडा सम्झौता बमोजिमको रकम मासिक रुपमा करकट्टी गरी भुक्तानी गरिनेछ ।